# माध्यमिक तह कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको तत्त्वगत अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा  विभागअन्तर्गत अनुसन्धान विधि (विषय कोड ने.पा. ४४५) स्नातक तह चौथो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि श्री षडानन्द बहुमुखी क्यामपसमा प्रस्तुत शोधपत्र


प्रस्तुतकर्ताः

सन्जु बिष्ट

सि.न.:

त्रि.वि.दर्ता नं.:९-२-८९५-२९-२०२१

शिक्षाशास्त्र सङ्काय,

शिक्षाशास्त्र विभाग

श्री षडानन्द बहुमुखी क्याम्पस

दिङ्ला, भोजपुर


२०८२

## प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातक तह चौथो वर्षको अनुसन्धान विधि (विषय कोड नं. ४४५) को मुख्य विषयको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनका लागि प्रस्तुत माध्यमिक तह कक्षा ९ को पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको तत्त्वगत अध्ययन शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनको लागि कहीँ कतै पेस नगरेको प्रतिवद्धता गर्दछु ।

सन्जु
....................

सन्जु विष्ट

कक्षा रो.नं.

सिम्वोल नं.

त्रि.वि. रजिष्ट्रेशन नं.९-२-८९५-२९-२०२१

बि.एड  चौथो वर्ष

श्री षडानन्द बहुमुखी क्याम्पस

दिङ्ला, भोजपुर ।

## सिफारिस पत्र


(साधन स्रोत सम्पन्न क्याम्पस गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता)

# श्री षडानन्द बहुमुखी क्याम्पस

## Shree Shadananda Multiple Campus

दिङ्ला, भोजपुर	इमेलःsmcdingla@gmail.com

स्थाः२०६७	फोन नं.०२९–४२११११६/९८५०९९७०५

( त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)


पत्र संख्या ०८२-८३

चलानी नं.

मितिः २०८२-११-१७

कोशी प्रदेश, नेपाल

विषयः सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग श्री षडानन्द बहुमुखी क्याम्पस दिङ्ला भोजपुरमा अध्ययनरत छात्र/छात्रा श्री सन्जु बिष्टले नेपाली भाषा शिक्षा विभागअन्तर्गत चार वर्षे विएड कार्यक्रम चौथो वर्षको नेपाली शिक्षा नेपा.शि. ४४५ मुख्य विषयको प्रयोगात्मक कार्यबाट शिक्षा स्नातक उपाधि प्राप्त गर्ने प्रयोजनका निम्ति प्रस्तुत माध्यमिक तह कक्षा ९ को पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको तत्त्वगत अध्ययन शीर्षकको अध्ययनपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । नीजले गर्नु भएको यस कार्यबाट म सन्तुष्ट छु । अतः उक्त उपाधि प्राप्तिको प्रयोजनार्थ यो शोध पत्र अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पेश गर्न सिफारिस गर्दछु ।

नामः सविन लम्साल

पदः संयोजक/शोध निर्देशक

अनुसन्धान व्यवस्थापन समिति (एकाइ)

श्री षडानन्द बहुमुखी क्याम्पस

मिति २०८२।११।१६

हस्ताक्षर

# स्विकृति पत्र

(साधन स्रोत सम्पन्न क्याम्पस गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता)

श्री षडानन्द बहुमुखी क्याम्पस

Shree Shadananda Multiple Campus

दिङ्ला, भोजपुर

स्था:२०६७

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

इमेल:smcdingla@gmai.com

www.shadanandacampus.edu.np

फोन नं.०२९-४२११११६/९८५०९९७०५

मिति: २०८२-११-१७

कोशी प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नं.

विषयः स्वीकृति पत्र ।

नेपाली भाषा शिक्षा विषय अन्तर्गत ४ वर्षे विएड चौथो वर्षको नेपा.शि. ४४५ अनुसन्धान विधि मुख्य विषयको प्रयोगात्मक कार्यको आवश्यकता परिपूर्तिको प्रयोजनार्थ श्री सञ्जु बिष्टद्वारा प्रस्तुत माध्यमिक तह कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको तत्त्वगत अध्ययन शीर्षकको अध्ययन पत्र शिक्षा स्नातक उपाधि प्राप्तिका निमित्त स्वीकृत गरिएको छ ।

| मुल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| श्री सविन लम्साल<br>शोध निर्देशक<br>श्री षडानन्द बहुमुखी क्याम्पस,<br>दिङ्ला, भोजपुर | ................................ |
| श्री ...................<br>बाह्य परीक्षक<br>श्री ............................................ क्याम्पस | ................................ |
| श्री नगेन्द्र बस्नेत<br>क्याम्पस प्रमुख<br>श्री षडानन्द बहुमुखी क्याम्पस | ................................ |

मिति.....२०८२।११।१८.......

# कृतज्ञता ज्ञापन पत्र

माध्यमिक तह कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको कथा तत्वगत अध्ययन शीर्षक शेधपत्र स्नातक तह चौथो वर्ष नेपा. शि. ४४५ अनुसन्धान विधि पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यो प्रतिवेदन आदरणीय गुरु सविन लम्सालज्यूको निर्देशनमा तयार गरिएको र शोधपत्रको शीर्षक चयन, शोध प्रस्तावना तयार गर्न शोधलाई अन्तिम रूप दिन गुरू सविन लम्सालको सहयोग रह्यो । त्यसका लागि उहाँप्रति आभार व्यक्त गर्न चाहान्छु । साथै विभिन्न कोणबाट शोधपत्र लेखनमा सहयोग पुयाउनु हुने मेरा सम्पूर्ण गुरु तथा आमाहरू र यस क्याम्पसका क्याम्पस प्रमुख नगेन्द्र बस्नेतज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र तयार पार्नका लागि आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग पुर्याउने षडानन्द बहुमुखी क्याम्पस पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु । शोध कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुप्याउने मेरा सहपाठी साथीहरू सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी मलाई यस तहसम्म दुःख गरी निरन्तररूपमा अध्ययनकार्यमा उत्प्रेरित गर्नुहुने आदरणीय बुवा,आमा हजुरबुबा, हजुरआमा, काका,काकी प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न गर्दछु ।

सन्जु

............

सन्जु बिष्ट

विएड चौथो वर्ष

नेपाली भाषा शिक्षा विभाग श्री

षडानन्द बहुमुखी क्याम्पस दिङ्ला, भोजपुर ।

CAMPUS CHIEF

## विषय सूची


प्रतिवद्धता पत्र ........ i

सिफारिस पत्र ........ ii

स्विकृति पत्र ........ iii

कृतज्ञता ज्ञापन पत्र ........ iv

अध्याय एक ........ 1

परिचय ........ 1

अध्ययनको पृष्ठभुमि ........ 1

समस्याको कथन ........ 1

अध्ययनको औचित्य र महत्त्व ........ 2

शोध कार्यको सीमा ........ 2

अध्ययनको रूपरेखा ........ 2

तत्त्वगत आधारमा स्वाद कथाको विश्लेषण ........ 10

स्वाद कथाको कथावस्तु ........ 10

पात्र/चरित्र ........ 11

लोग्ने ........ 11

स्वास्नी ........ 12

परिवेश ........ 12

दृष्टिविन्दु ........ 12

उद्देश्य ........ 12


CAMPUS CHIEF

भाषाशैली ........ 12

कथावस्तु ........ 13

पात्र / चरित्र ........ 15

परिवेश ........ 15

दृष्टिबिन्दु ........ 15

उद्देश्य ........ 16

भाषाशैली ........ 16

तत्त्वगत आधारमा समयपीडा कथाको विश्लेषण ........ 16

कथावस्तु ........ 16

पात्र / चरित्र ........ 18

रामनाथ ........ 18

आनन्दी ........ 19

परिवेश ........ 19

दृष्टिबिन्दुः ........ 19

उद्देश्य ........ 19

भाषाशैलीः ........ 20

सन्दर्भ सामग्री सूची ........ 22


CAMPUS CHIEF

# अध्याय एक

# परिचय

## अध्ययनको पृष्ठभुमि

साहित्य मानव जीवनको ऐना हो, जसले समाज संस्कृति र सोचलाई प्रतिबिम्बित गर्छ । मानवीय विचार विनिमयको सशक्त माध्यमको रूपमा भाषालाई लिइन्छ । भाषाद्वारा कुनै पनि भावको बोध र अभिव्यक्ति गर्न सकिन्छ । शिक्षण कार्य गर्दा जति धेरै विचार विनिमय गराउन सक्यो उति नै धेरै भाषिक सीपको विकास हुन्छ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । यिनै चारवटा भाषिक सीप सिकाउनु नै विद्यालय तहमा नेपाली भाषा विषय अध्ययनको मुख्य उद्देश्य हुन्छ । अतः मानवीय उच्चारण अवयव द्वारा उच्चारित सार्थक एकाईलाई भाषा भनिन्छ । भाषिक सीप विकासमा कथा विधाको अतुलनीय भूमिका हुन्छ । यस लघु शोधपत्रमा कक्षा ९ को नेपाली विषयमा रहेका कथा विधाको तत्त्वगत अध्ययन गरिएको छ ।

मानिसको जीवनमा घटेका तीता-मीठा घटना र मानिसले जीवनमा संगालेका अनुभवहरूको सिलसिलावद्ध  आलेख नै कथा हो । कथाले भाषाका चार वटै सीप विकासमा गहन भूमिका खेलेको हुन्छ । कथा सबैभन्दा प्राचीन र लोकप्रिय विद्या हो । विद्यालय तथा विश्वविद्यालयतहमा यसको अध्ययन अध्यापन गरिन्छ । कथा शिक्षणबाट विद्यार्थीलाई मनोञ्जन, कौतुहलता प्राप्त हुनका साथै कथा प्रस्तुतीकरणको ढाँचा, कथन शैली र भाषिक क्षमता वृद्धि गर्नका सहयोग मिल्दछ । कथामा प्रयोग गरिने भाषा सरल, सहज र बोधगम्य हुन्छ ।

माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्य पुस्तकमा ४ वटा (स्वाद- ध्रुवचन्द्र गौतम, कालजीत र अजङ्गको राक्षस (लोक कथा)- संकलन मोतिलाल पराजुली, समय पीडा- पद्मवति सिंह र भविष्य निर्माण- देवकुमारी थापा) कथा रहेका छन् । जस मध्ये तीन वटा आधुनिक र एउटा लोक कथा रहेका छन् ।

## समस्याको कथन

प्रस्तुत शोधपत्रमा कथा तत्त्वका आधारमा माध्यमिक तह कक्षा ९ को नेपाली विषायको पाठ्य पुस्तकमा समावेश गरिएका कथाको कथा तत्वको आधारमा कथाको विश्लेषण गर्ने कार्यलाई मुख्य समस्याको रूपमा लिएको छ ।

## **अध्ययनको उद्देश्य**

प्रस्तुत शोधको उद्देश्य माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कथा तत्त्वगत आधारमा विश्लेषण गर्नु रहेको छ ।

CAMPUS CHIEF

अध्ययनको औचित्य र **महत्त्व**

कथा एकदमै लोकप्रिय विधा हो । जुनसुकै उमेरका व्यक्तिहरूले पनि कथा पढ्न र सुन्न बढी रूची राख्दछन् । नेपाली विषय शिक्षक, नेपाली विषयका विद्यार्थी, अनुसन्धान कर्ता पाठ्यपुस्तक लेखक, पाठ्यपुस्तक विश्लेषण गर्न चाहने अध्येताहरू अदिका लागि यो शोध उपयोगी हुनेछ ।

शोध कार्यको सीमा

सीमित समय, स्रोत तथा साधन र ज्ञानका कारण प्रस्तुत शोधकार्य कक्षा ९ को नेपाली विषय पाठ्यपुस्तकमा समावेश भएका कथा विधाको तत्त्वगत अध्ययनमा मात्र सिमित छ । समग्र भाषिक सीप विकासका लागि कथा विधामात्र महत्वपूर्ण भए पनि कथा विधामात्र भाषिक सीप विकासका लागि पर्याप्त विधा होइन ।

अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई चार अध्यायमा विभाज गरेर पूरा गरिएको छ । अध्ययनमा निम्नलिखित अध्यायहरू रहेका छन् :-

| | | |
|---|---|---|
| अध्याय एक | - | परिचय |
| अध्याय दुई | - | कथा विश्लेषणका आधार |
| अध्याय तीन | - | कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तत्त्वगत अध्ययन |
| अध्याय चार | - | सारांश तथा निष्कर्ष |
| | | सन्दर्भ सामग्री सूची |

CAMPUS CHIEF

# अध्याय दुई

# कथा विश्लेषणका आधार

## २.१ विषयप्रवेश

कथा साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । यसको आफ्नै संरचना हुन्छ । कथाको संरचनागत पूर्णताका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछ । यस परिच्छेदमा कथाको विधागत परिचय दिँदै कथा विश्लेषणको प्रारूप तयार गरिएको छ ।

## २.२ कथाको विधागत परिचय

कथा शब्द संस्कृत शब्द हो । यसको व्युत्पत्ति कथ् धातुमा 'अच् ' र 'टाप् ' प्रत्यय लागेर भएको छ (सुवेदी, २०५१ : १) । यसको अर्थ कथा, कहानी, कल्पित या मनगढन्ते कहानी, वृत्तान्त, सन्दर्भ, उल्लेख, वार्तालाप भन्ने हुन्छ । कथालाई वुझाउने अंग्रेजीको शब्द 'सर्टस्टोरी' हो । हिन्दीमा कथालाई 'कहानी ' र बंगालीमा 'गल्फ ' भन्ने गरिन्छ । समय अनुसार कथा शब्दका अर्थमा परिवर्तन र विकास हुँदै आएको छ । कथाले आफू सृजना भएका युगीन परिवेशभित्रका विभिन्न अवस्थाहरूलाई वहन गरेर कथात्मक मूल्यको ग्रहणबाट कथाको रचना हुने प्रचलन विकास हुँदै आएको देखिन्छ (सुवेदी, २०५१ : १) ।

साहित्यको आख्यान विधाअन्तर्गत पर्ने कथा सानो आयाम भएको विधा हो । कथा भन्ने चलन जतिसुकै पुरानो भए पनि र कथात्मक रचना जतिसुकै लेखिए पनि यसको साहित्यिक र विधागत जन्म उन्नाइसौँ शताब्दीमा भएको हो । त्यतिखेर जुन ढाँचाकाँचामा यो देखा परेको छ त्यही रूपमा संसारभरि फिँजिन पुगेको छ । कथालाई परिभाषित गर्दै एड्गर एलेन पोले "लघुकथा यस्तो कथाविधा हो जो एक वसाइमा पढिसकिने छोटो इतिवृत्तात्मक, पाठकका लागि प्रभावकारी, आफैमा पूर्ण रचना कथा हो" (थापा, २०५० : १५८) । यस्तै प्रसिद्ध हिन्दी साहित्यकार प्रेमचन्द्रले "कथा एउटा रचना हो, जसमा जीवनको एक अङ्गबाट एउटा मनोभावको प्रदर्शन हुन्छ । कथा त एउटा फूलले सजिएको गमला हो ।" कथा एउटा रमणीय उद्यान होइन जहाँ थरीथरीका फूल र बुटा–बुटी हुन्छन् । यो त एउटा फूलले सजिएको गमला हो ।" त्यस्तै कथाकार गुरूप्रसाद मैनालीले "कुनै एउटा पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो" (मैनाली, १९९७ : १९) । लक्ष्मीप्रसाद देवकोटाले "छोटो किस्सा एउटा सानो झ्याल जो जहाँबाट सानो संसार चियाइन्छ तर थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो" (देवकोटा, १९९९, १२०) भन्दै कथालाई परिभाषित गरेका छन् । कथामा एउटा कार्य हुन्छ जसलाई उपन्यासको जस्तो विभिन्न टुक्रामा विभक्त गर्न सकिँदैन न त चरित्र वहुलताको स्थान नै रहन्छ । यो

CAMPUS CHIEF

त एउटा कविता वा गद्यगीत हो जसले पाठकलाई आफूतिर केन्द्रित पार्दै पूर्ण रूपमा एउटा कुरा भनिसक्छ । यसरी कथा एउटै मूल घटना, मर्मको स्वतः पूर्ण भावात्मक, रागात्मक, गद्यविद्याको रूपमा देखिन्छ (न्यौपाने, २०३८ : १३०–१३१) ।

२.३ कथाका तत्त्व

कथा एउटा पूर्ण संरचना हो । यसलाई पूर्णता दिने विभिन्न तत्त्वहरू हुन्छन् । जसलाई तत्त्व, अवयव, घटक आदि पनि भनिन्छ । कथाका तत्त्वका सन्दर्भमा पूर्वीय, पाश्चात्य र नेपाली विद्वानहरूका बीच भिन्न भिन्न किसिमका मतहरू रहेको पाइन्छ । नाटकको तत्त्वको कुरा गर्दा संस्कृत काव्य शास्त्रमा यसका तीन तत्त्व वस्तु, नेता र रसलाई स्वीकार गरिएको छ (त्रिपाठी, २०४९ : ५३) । प्रकारान्तरमा यही कुरा क्रमशः कथावस्तु चरित्र प्रभावको रूपमा परिवर्तित भएको छ । तर पश्चिमी आदिगुरु अरिस्टोटल प्रत्येक दुःखान्तकका छ अङ्ग हुन्छन् र तिनीहरू कथानक, चरित्रचित्रण, पदावली, विचार, दृश्यविधान र गीत हुन् (त्रिपाठी, २०४९ : ५२) भनेका छन् । कथा चिन्तनका सन्दर्भमा हिन्दी आलोचक गोविन्द त्रिगुणायनले कथा रचना विधानका मूल आधार कथावस्तु, पात्र/चरित्रचित्रण, कथोपकथन/संवाद, वातावरण/स्थिति, शैली र उद्देश्यलाई मानेका छन् भने रामकुमार बर्माका अनुसार कथाका तत्त्वहरूमा कथानक, चरित्रचित्रण, संवाद, शैली, प्रकृतिवाद, वातावरण, सत्यता र उद्देश्य रहेका छन् (उपाध्याय, २०५९ : १२३) । नेपाली साहित्यचिन्तक ईश्वर बरालले कथाका उपकरण भनेर कथानक, क्रियाकलाप,चरित्र, घटना, संघर्ष, परिवेश र कौतूहललाई मानेका छन् (बराल, २०५३: ६३) । केशवप्रसाद उपाध्यायले कथानक, चरित्र, देशकाल–वातावरण, विचार, कौतुहल, संवाद, शैली र उद्देश्य नै कथाका तत्त्व हुन् (उपाध्याय, २०५९ : २१३) भनेका छन् भने मोहन हिमांशु थापाले कथानक, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्यलाई कथाका आवश्यक तत्त्वहरू मानेका छन् (थापा, २०३६: १५५) ।

यस प्रकार कथाको संगठनात्मक तत्त्वहरूको विषयमा साहित्य चिन्तकहरूका आ–आफ्नै किसिमका मत छन् । यिनै साहित्य चिन्तकहरूका विचारहरू वा मतलाई आधार बनाउँदै निष्कर्षमा कथाका तत्त्वहरूलाई यसप्रकार देखाउन सकिन्छ –

१. कथानक

२. पात्र चरित्रचित्रण

३. परिवेश

४. दृष्टिबिन्दु

CAMPUS CHIEF

५. उद्देश्य

६. भाषाशैली

२.३.१ कथानक

कथानक कथाको स्थूल तत्त्व हो जसमा विभिन्न घटनाहरूको व्यवस्थित विन्यास भएको हुन्छ। कथामा विन्यास हुने घटनाहरूको योजनाबद्ध विकासका साथै कार्यकारण श्रृङ्खलामा आधारित सङ्गठनात्मक स्वरूप नै कथानक हो। प्रत्येक आख्यानात्मक विधामा विचार सौन्दर्यको उद्बबोधनका निम्ति कथानक एउटा कलात्मक एवम् स्थूल साधन  मानिन्छ। कथामा कथानकको विस्तार के का लागि र किन सित सम्बन्धित हुनाले यसले कलात्मक मूल्यका साथै उद्देश्यसँग पनि अविच्छिन्न सम्बन्ध राख्दछ। कथावस्तु कथाको कच्चा पदार्थ हो र बिजविन्दु हो जसलाई कथाकारले कथानकको कलात्मक साँचोमा ढालेर पूर्णता प्रदान गर्दछ (पौडेल, २०६५: १०)। कथाको निर्माण निश्चित कथानक ढाँचामा हुने हुँदा वस्तु र घटनामा एकता अन्विति तथा एकदेशीयता हुने गर्दछ। कथामा आदि, मध्य र अन्त्यको क्रमबद्ध प्रस्तुति कथानकका माध्यमबाटै हुने गर्दछ तापनि कथाकारले त्यसलाई तात्क्षणिक क्रममा पनि राख्न सक्छ र परावर्तित क्रममा पनि राख्न सक्छ। कथामा घटित हुने सवै घटना, कालक्रम र कार्यकारण सम्बन्धका आधारमा विन्यस्त रहेका हुन्छन् जसको अन्वितिपूर्ण व्यवस्था नै कथानक हो। कथानकको सम्बन्ध चरित्र र उद्देश्यसित पनि गाँसिएको हुन्छ। कथामा चयन हुने विषयवस्तु सोही अनुरूप व्यवस्थित हुने चरित्र तथा ती चरित्रका बीचको कार्यव्यापार र घटनाहरूको अनुक्रमात्मक व्यवस्था नै कथानकमा हुन्छ (पौडेल, उहीः ११)। कथावस्तुले कथामा हुने अन्य तत्त्व जस्तैः देश, काल, परिस्थिति, चरित्रचित्रण, उद्देश्य, विचार, घटना, क्रियाव्यापार, द्वन्द्व जस्ता तत्त्वहरूलाई योजनाबद्ध रूपमा प्रस्तुत गर्दछ जसले गर्दा कथा सशक्त वन्दछ।

कथामा कथानकलाई निम्नलिखित चार श्रोतबाट प्राप्त गर्न सकिन्छ। ती हुन्ः इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पना। समय–समयमा घटित घटनाहरूलाई इतिहासको रूपमा, आफ्नै वरिपरि घटित घटनाहरूलाई यथार्थको रूपमा, रागीयप्रवृत्तिसँग सम्बन्धित कुराहरूलाई रागभावको रूपमा र अतिशय कल्पनाबाट निस्पन्न असम्भव कुराहरूलाई स्वैरकल्पनाको रूपमा स्रोत बनाई कथानक निर्माण गर्न सकिन्छ। यसरी निर्मित कथानक कुनै एक स्रोतको विशुद्ध कथानक पनि हुन सक्छ र धेरै स्रोतहरूको मिश्रित कथानक पनि हुन सक्छ (शर्मा, २०५०: १२२)। यसरी नै कथाभित्र कथानक रहेको हुन्छ।

CAMPUS CHIEF

२.३.२. पात्र/चरित्र

कुनै पनि कथालाई अगाडि वढाउन पात्रको आवश्यकता पर्ने हुनाले यसलाई कथाको अनिवार्य तत्त्वका रूपमा लिइन्छ। कथामा पात्र मानव मानवेत्तर प्राणी वा जडवस्तु जे पनि हुन सक्छ तर कथामा ती पात्रको अस्तित्त्व उपास्थापन भएको हुनुपर्दछ। कथानकका लागि आवश्यक पर्ने उपकरणहरू 'क्रियाव्यापार' र 'द्वन्द्व' को प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ (श्रेष्ठ, २०६०: १०)।

कथामा पात्रहरू विभिन्न रूपमा उपस्थित हुन्छन्। भूमिकाका आधारमा उच्च, मध्य र निम्न पात्र, विचारका आधारमा क्रान्तिकारी, सुधारवादी र यथास्थितिवादी पात्र, गतिशीलताको आधारमा गतिशील र स्थिर पात्र, स्वभावका आधारमा अन्तमुखी र वर्हिमुखी पात्र भनेर वर्गीकरण गर्न सकिन्छ। यसका अतिरिक्त क्षेत्रीयता, जातियता, लिङ्ग, आसन्नता, आबद्धता, उमेर आदिका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ (पौडेल, २०६५: १४)।

पात्र सामाजिक जीवन वा सङ्घर्षशील जीवनको प्रतिनिधि हो। जीवनको गतिशील प्रवाहमा निरन्तर प्रवाहित हुने पात्रले मात्रै अन्तर्विरोध खुट्याउन र त्यसलाई ठीकसित समाधान गर्न सक्छ। विचार र व्यवहारले खारिएको चरित्रले नै परिस्थितिको आँकलन गर्दै कथालाई उद्देश्य सम्म डोऱ्याउन सक्छ। चरित्रहरू भनेका कथाकारको उद्देश्य र दृष्टिकोणलाई संवहन गर्ने माध्यम हुनाले कथामा चलखेल गर्ने चरित्रहरू पनि जीउँदा जाग्दा हुनु अपरिहार्य देखिन्छ।

२.३.३. परिवेश

आख्यान विधाको लागि चाहिने आवश्यक तत्त्वहरूमध्ये परिवेश पनि एक हो। यसलाई देश, काल र वातावरण पनि भन्ने गरिन्छ (बराल, २०५३ : ६७)। घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ जसले पाठकलाई बाँध्ने काम गर्दछ (बराल र एटम, २०६६: ३३)।

परिवेशले पात्रको कार्यव्यापारको निर्माणमा गहन जिम्मेवारी निर्वाह गर्दछ। कुनै पात्र नयाँ क्रियाकलापमा प्रवृत्त भएको देखिन लाग्यो भने त्यस पात्रका आचरणमा नवीनता जन्माउन सक्रिय भूमिका खेल्ने तत्त्वका रूपमा परिवेशको प्रभाव छ भन्ने ठहर हुन्छ (सुवेदी, २०६४: २५)।

परिवेशको चर्चा गर्दा यो भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म गरी दुई प्रकारको हुन्छ (हड्सन, १९१३: १५८)। भौतिक वा स्थूल परिवेश भनेको चरित्रले कार्य गरेको स्थल सम्बद्ध प्राकृतिक स्थिति एवं समयवृत्त हो भने सामाजिक वा सूक्ष्म परिवेश भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो (बराल

CAMPUS CHIEF

र एटम, २०६६: ३३)। अर्को शब्दमा भन्दा वातावरण (परिवेश) भौतिक र मानसिक दुवै हुन्छ। बाह्य पक्षलाई भौतिक पक्ष र आन्तरिक पक्षलाई मानसिक पक्ष भनिन्छ। बाह्य पक्षमा व्यक्ति र प्रकृतिको बाह्य सौन्दर्य हुन्छ। यसबाट पाठकलाई नेत्रसुख हुन्छ। यसरी बाह्य पक्षलाई भौतिक सौन्दर्य पनि भन्न सकिन्छ। आन्तरिक पक्षचाहिँ कथाको मानसिक वा आत्मिक सौन्दर्य हो। यसैले आन्तरिक पक्षमा पात्रको मानसिकता, यसको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ (थापा, २०३६: १५७)।

समग्रमा भन्नु पर्दा कत्थालाई सजीव बनाउन बाह्य र आन्तरिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसैले कथाको एक महवपूर्ण तत्त्वको रूपमा रहेर कथामा स्वभाविकता र विश्वसनीयताको सिर्जना गराउन परिवेशले उत्कृष्ट भूमिका खेलेको हुन्छ।

२.३.४. दृष्टिबिन्दु

कथाको अर्को महत्त्वपूर्ण घटक भनेको दृष्टिबिन्दु हो। दृष्टिबिन्दु भनेको कथामा कथावाचकले कथा भन्दै यात्रा गर्ने र गन्तव्य पहिल्याउने पद्दति हो (पौडेल, २०६५: १९)। कथा कसरी भनिएको छ भन्दा पनि कसले भन्दैछ भन्ने कुरासित दृष्टिबिन्दु गाँसिएको छ। कुनै कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकल्ने छुट पाएको हुन्छ (बराल र एटम, २०६६: ३५) जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुर्याउँछ ।

दृष्टिबिन्दुको प्रकारको सम्बन्धमा जे जति कुरा गरिए पनि कथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु मध्ये कुनै एक दृष्टिबिन्दुको प्रयोग गरिन्छ। जसलाई यस प्रकार देखाउन सकिन्छ।
यो वर्गीकरण अनुसार दृष्टिकेन्द्री पात्र प्रथम पुरुष भए आन्तरिक दृष्टिबिन्दु मानिन्छ। तृतीय पुरुष दृष्टिबिन्दुका हकमा कथावाचक ‘ऊ’ पात्र कथाका अन्य पात्र र घटनाका बारेमा नालीवेली लगाउन सक्षम छ भने त्यो तृतीय पुरुष मानिन्छ।

२.३.५. उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ। साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ। यसको अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ। हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमुलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ। विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिँदैन र

CAMPUS CHIEF

हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिका लागि रचिन्छ। निरुद्देश्य वा निष्प्रयोजन साहित्यको रचना हुँदैन र त्यसमा कुनै न कुनै उद्देश्य अवश्य हुन्छ। साहित्य सिर्जनाका अनेक उद्देश्यहरूको चर्चा पाइए पनि मुख्यतया मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण यथार्थको प्रकटीकरण आदिलाई कृतिलेखनको प्रमुख उद्देश्य मानिन्छ (लुइटेल, २०५८:२३५)।

२.३.६. भाषाशैली

भाषाशैली कथाको महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ। भाषाशैली भाषा र शैली दुई शब्दको योगद्धारा निर्मित भएको छ। कुनै पनि भाव या विचार अभिव्यक्ति गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढवा तरिका शैली हो (थापा, २०३६: १७२)। अतः साहित्यका सवै विधाजस्तै आख्यानमा पनि भाषाशैलीको महत्त्वपूर्ण स्थान हुन्छ।

समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाकप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५०: १)। भाषा अभिव्यक्तिको अनिवार्य माध्यम हुनाले साहित्यमा हुने कलात्मक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो। भाषाका माध्यमबाट मानिसका आनीवानी, चालचलन, जीवनशैली तथा जीवनदृष्टि लगायत यावत तथ्यका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ। भाषाका माध्यमबाट कथा स्रष्टाले अवलम्बन गरेको जीवनदृष्टि, उसको विचार तथा वर्गस्रोत समेत थाहा पाउन सकिन्छ। अर्को अर्थमा भाषा भनेको मानवीय जीवन र क्रियाकलापलाई बुझ्ने माध्यम पनि हुनाले समाज र युगजीवनको कलात्मक अभिव्यक्ति हुने कथामा भाषाको सर्वोपरि स्थान रहने गर्दछ। भाषा मूलतः विचार सम्प्रेषणको माध्यम हो भने कथाको भाषाले पनि यही कार्य गर्दछ। कथामा भाषाको सम्बन्ध बाह्य संरचनासँग मात्रै नभएर अन्तर्वस्तुसँग पनि गाँसिएको हुन्छ। कथामा प्रतिबिम्बित हुने विचार तथा कथाकारले चयन गरेको अन्तर्वस्तु अनुरूपको भाषिक प्रयोग कथामा हुने गर्दछ। कथामा भाषाको तात्पर्य शब्द चयन र वाक्यविन्यास मात्र नभएर पात्रको शारीरिक चेष्टा, हावभाव, परिवेश आदि पनि देखिन आउँछ (पौडेल, २०६५: २२/२३)।

शैली भनेको भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा, तरिका र पद्धति हो। त्यसैले भाषा एउटै भए पनि हरेक लेखकको शैली भने भिन्न रहन्छ। रचनाकारको यस्तो विशिष्ट प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ। जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट बिचलन हुन्छ (शर्मा, २०४८: ३)। अतः शैली भनेको कलात्मक रूप दिने ढङ्ग हो।

CAMPUS CHIEF

यसप्रकार भाषाशैली साहित्य कलाका लागि अनिवार्य तत्त्व भएकाले यसको उपयोग अपरिहार्य छ। भाषाशैलीको महत्त्वलाई कथामा प्रायः सबै विद्वान्हरूले स्वीकार गरेका छन्। भाषाशैली कथाको त्यस्तो महत्त्वपूर्ण तत्त्व हो, जसले कथाको बाह्य एवम् आन्तरिक दुवै संरचनात्मक पक्षलाई सबल पारिदिन्छ भने स्रष्टा र पाठक दुवैका बीचमा यसले सम्प्रेषणको माध्यम बन्ने काम गर्दछ।

### २.३.४ निष्कर्ष

कथा साहित्यको एउटा महत्त्वपूर्ण विधा हो। यसको आफ्नै संरचना हुन्छ। कथाको संरचनागत पूर्णताका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछ। कथाको संगठनात्मक तत्त्वहरूको विषयमा साहित्य चिन्तकहरूका आ–आफ्नै किसिमका मत छन्। यिनै साहित्य चिन्तकहरूका विचारहरू वा मतलाई आधार बनाउँदै निष्कर्षमा कथाका तत्त्वहरूलाई यसप्रकार देखाउन सकिन्छ, कथानक, पात्र/चरित्रचित्रण, देशकाल वातावरण/परिवेश, दृष्टिबिन्दु, उद्देश्य र भाषाशैलीलाई समावेश गरिएको छ।

CAMPUS CHIEF

## अध्याय तीन

# कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तत्त्वगत अध्ययन

तत्त्वगत आधारमा स्वाद कथाको विश्लेषण

ध्रुवचन्द्र गौतमद्वारा लिखित स्वाद कथा एक सामाजिक कथा हो। यसकथामा निम्नवर्गीय व्यक्तिहरूले गरिवीका कारण भोग्नु परेको दयनीय र कारुणिक अवस्थालाई दर्शाइएको छ। तत्वगत आधारमा यस कथाको विश्लेषण तल प्रस्तुत गरिएको छ।

स्वाद कथाको कथावस्तु

यस कथामा विशेषगरी गरीविका कारण मानिसहरूले भोग्नु परेको सास्ती र समस्यालाई मूल केन्द्रविन्दु बनाएर प्रस्तुत भएको छ। लोग्ने साबुनको कमीले धेरै दिनदेखि नुहाउन नपाएको कुरा स्वास्नीलाई सुनाउछ। उसको जिउभरी मैलो छ। कपालमा चाया परेकोछ। स्वास्नी भने साबुन नभए पनि नुहाउँ छिन्। तर लोग्नेलाई साबुन नभई हुदैनथ्यो। गरिबीका कारण ऊ सँग साबुन थिएन। स्वास्नीका अनुसार देशमा यतिका गरिव छन् उनीहरूलाई नुहाउँन सावुन चाहिन्दैन। तिमीलाई चाही चाहिन्छ भन्थिन्। स्वास्नी सावुन विनै पनि नुहाथिन तर लोग्ने भने गरिवीमा भाषण ठोकेर बसिरहेको थियो। त्यसपछि ऊ ननुहाइ अड्डा गयो। अड्डामा ऊ एक साधारण कारिन्दा थियो। पदमा बहाल रहेदेखि आजीवन व्यही कारिन्दा रहिरहने गरी आफ्नो पदमा आसिन थियो। बिस दिन देखिनै तलब आउने दिन कुर्दथ्यो। यो पटक तलब साढे सात रुपियाँ बढी भएर आएको कुरा बुढीलाई सुनायो। त्यसपछि बजार जानका लागि स्वास्नी ठीक पर्न गइन। लोग्नेले पहिले ठीक नपरेको भनेर करायो। बिहान भएको बहसमा भोलि नुहाउने भनेको थियो। किनकि, आज उसको तलब आउने दिन थियो। लोग्ने स्वास्नी आफ्नो छोरालाई साथ लिएर एक-एक वटा झोला बोकर बजार गए। बजारमा भिडभाड देखिन्थ्यो। मानिसहरू आवश्यक बहस गरेर बसिरहेका थिए। बजारमा पुगेपछि लोग्नेले स्वास्नीलाई चामलको कुरा गर्यो। तर स्वास्नीले पर्दैन दुईचार दिनलाई छ भनिन्।

लोग्नेले सावुन किन्यो। त्यसपछि स्वास्नीले विहान ठीक पारेको सूची हेर्दै एकएक सामान लिदै गए। सामान नै पिच्छे स्वास्नीले केही थप सामान पनि भन्दै थिइन्। त्यतिकैमा लोग्नेले करायो र ऊ चुपलागि। सूचीमा

CAMPUS CHIEF

भएको सामानमा थप बहस नगरी शान्त भएर बसिरहेकी थिइन् । सूचीमा भएको सबै कुरा किनेपछि तरकारी भएको स्थान तिर गए र त्यहाँ आलु र काउली किने । त्यसपश्चात भिटामिन हुन्छ साग पनि किनुपर्छ भन्ने विचार लोग्नेलाई आयो । साग पनि किने । त्यसपछि स्वास्नीले मासु पसल तिर जाने चाहाना गरिन् । खसीको मासु लाने भनि सल्लाह गर्दै अगाडि बढ्दै गर्दा उनीहरुले माछा देखे । स्वास्नीले माछा नखाएको धेरै भयो । माछा किनौ भन्न थालिन् । लोग्नेले माछामा काडा धेरै हुन्छ । छोरालाई अड्किन्छ भन्यो । माछा ठूलो थियो । स्वास्नी लोभिइन् । त्यसपछि १२ रुपियाँ किलोको माछा पसलले १० रुपियाँमा मिलाएर दिने कुरा गर्यो । तर लोग्नेसँग  पाँच रुपैंयाँ मात्रा थियो । पसलेले १० रुपैंयामा पनि घटाएर जम्मै माछा प्रति किलोग्राम ७ रुपैंयाँ  दरले दिने जम्मा १० रुपैंयाँ पचास पैसामा  दिने निर्णय गर्यो । लोग्ने खल्तीमा पुरा पैसा नभएपछि गाउँको श्याम दाइ र कान्छा दाइसँग पाँच रुपैयाँ सापटि  माग्न पुग्यो । तर, दुवैले पैसा भने दिएनन् । लोग्ने  माछा भएकोमा ठाउँमा फर्कियो । स्वास्नीलाई उसको साथी शोभासँग सापटी मागेर ल्याउन अनुरोध गर्यो । स्वास्नीले शोभासँग पाँच रुपैंयाँ मागेर ल्याइन् । त्यसपछि माछा लिएर तिनीहरूघरतिर लागे । छोरापनि माछा किनेकोले खुसी देखिन्थ्यो । घर लगेर उनीहरूले उत्साहका साथमाछा पकाएर खाए । सुत्दा भने ११ बजिसकेको थियो । सुत्नेबेलामा स्वास्नीले माछाको रिन कसरी तिर्ने भनिन् । अनि लोग्नेले औषधीलाई छुट्याएको भएपनि नत्र पैचो मागेर भएपनि तिर्ने कुरा गर्यो । तर लिएको पैसा तलब आएपछिमात्र तिर्ने निर्णय गप्यो । यतिकैमा स्वाद' कथाको अन्त्य हुन्छ ।

**पात्र**/चरित्र

'स्वाद 'कथामा मानवेतर पात्रको प्रयोग गरिएको छैन । यस कथाको प्रमुख पात्र ऊ, लोग्ने र स्वास्नी छन् । सहायकपात्र छोरा र गाैण पात्रहरू श्याम दाइ, कान्छा दाइ, शोभा, पसल र अड्डामा तलब दिने मान्छे रहेका छन् ।

**लोग्ने**

लोग्ने यस कथाको प्रमुख पुरुष पात्र हो । लोग्ने अड्डामा साधारण कारिन्दा छ । उसको एउटा छोरा र स्वास्नी छिन् । गरिविको कारण प्रशस्त लगाउन, खान नपाए पनि तलबको पैसाले साधारण जीवन चलाउन बाध्य छ । आफ्नो छोरा र स्वास्नीलाई प्रशस्त मात्रामा सम्पूर्ण सुविधा दिन सकेको छैन । तर ऊ आफ्नो जिम्मेवारीबाट भागेको छैन । ऊ अनुकूल र गतिहीनपात्र हो । उसले निम्न वर्गको परिवारको प्रतिनिधित्व गर्ने भएकाले ऊ वर्गीय पात्र हो । कथाको सम्पूर्ण विषयवस्तु  लोग्ने माथि रहेको हुदा ऊ यस कथाको केन्द्रीय पुरुषपात्र हो ।

CAMPUS CHIEF

**स्वास्नी**

यस  कथाको प्रमुख स्त्री पात्र हो। उसको परिवारमा लोग्ने, स्वास्नी र छोरा गरी तीन जना रहेका छन्। उसले धेरै पढेको छैन। तरपनि सामान्य लेखपढ भने गर्न जानेकी छिन्। श्रीमान्कोसँधै सम्मान गर्ने साथै साथ दिने र आफ्नो कर्तव्यबाट पछि नहटने अनुकूल एवम् स्थिरपात्र हो। गरिबीका कारण प्रशस्त मात्रामा लाउन खान नपाए पनि उनी खुसीनै देखिन्छिन्। किनकि उसलाई थाहा थियो। लोग्नेको कमाइ धेरै थिएन भनेर। निम्नवर्गीय र एक घर गृहस्थीको प्रतिनिधित्व गर्ने उनी वर्गीय र वद्ध पात्र हुन्।

**परिवेश**

यस कथामा नेपालीहरूको गाउँले जीवनसँग सम्बन्धित परिवेशलाई देटवाउन खोजीएको छ। निम्नवर्गीय परिवारले भोग्नु परेको सास्तीलाई सकुसल रूपमा प्रस्तुत गरिएको छ। एउटा गरिबी परिवारको बिहान उठ्दा देखि सुत्दा सम्मको परिस्थितिलाई यहाँ समावेश गरिएको छ। यहाँ घर, अड्डा, बजार आदि भौगोलिक परिवेशको रूपमा आएका छन्।

दृष्टिविन्दु

**स्वाद** कथामा वाह्य दष्टिबिन्दुको प्रयोग गरिएको छ। यस कथामा स्वास्नी लोग्ने, छोराजस्तापात्र भएकाले तृतीय पुरुष शैलीको प्रयोग भएको देखिन्छ। यस कथामा नेपाली निम्नवर्गीय स्तरका परिवार तथा व्यक्तिहरूले भोग्दै वा सामना गर्दै आएका समस्यालाई पात्रहरूकै माध्यम बाट प्रस्तुत गरिएको छ।

उद्देश्य

स्वाद कथाको उद्देश्य भनेको धनी र गरिब बिचको भेदभाव र खराव विचारलाई त्याग्नुपर्छ। धनी व्यक्तिहरूले परेको बेला सहयोग गर्नुपर्दछ। आफ्नो परिस्थिति अनुकूल चल्न सिक्नुपर्दछ भन्ने सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य रहेको देखिन्छ।

भाषाशैली

यस स्वाद कथामा गाउँले परिवेशमा बोलिने सरल  प्रकृतिको भाषाशैली रहेको छ। उखान टुक्काको खासै प्रयोग भएको छैन। आगन्तुक प्रयोगको बाहुल्यता पनि नभएकोले जो कोहीले यो कथा सहजै पढ्न र बुझ्न सकिने किसिमको छ।

CAMPUS CHIEF

**कथा तत्त्वका आधारमा कालजित र अजङ्गको राक्षस कथाको विश्लेषण**

कथावस्तु

कुनै पनि काम गर्दा यदि बलले भएन भने बुद्धिले त्यसलाई सहजै पुरा गर्न सकिन्छ भन्ने सन्देशमा आधारित यस कथामा कालजित र राक्षसबिच भएको बल र बुद्धिबिचको संघर्षण प्रस्तुत गरिएको छ ।

एकादेशमा पहाडको काखमा खेती किसानी गर्ने र गाईवस्तु पालेर आफ्नो जिविका चलाउने मान्छेहरू मिलेर बसेको बस्ती थियो । यस गाँउ नजिकै ठूलो जङ्गल र खर्क थियो । त्यस गाँउका किसान गीत गाउदै त्यही जङ्गलमा घास दाउरा लिन जाने र साँझ घर फर्किने गर्दथे । सँधै जस्तै जङ्गलजाने क्रममा एक दिन दसबाह्र जना महिला घास दाउरा गर्न जंगलमा गएका थिए । सबैजना आ-आफ्नो घास दाउरा खोज्न छरिएछन् । त्यसै क्रममा एक जना महिलालाई राक्षसले देखेछ  र खान सुरु गरेछ । त्यस पश्चात ती महिला राक्षसको अगाडि चिच्याएर गुहार मागिछिन् । अनि सबै महिला भेला भएछन् । तर राक्षसको अगाडि केही गर्ने हिम्मत भने गरेनन् । सबै डराएर गाँउमा गुहार मागे छन् । सबै कुरा थाहा पाएपछि खुकुरी तरबार लिएर राक्षस मार्न भनेर गाउँलेहरू गएछन् । राक्षसलाई ढङ्गा प्रहार गर्न थालेछन् । त्यसपश्चात त्यस राक्षसले आफ्नो शरीर फुल्याउँदै आज यो महिलाको काल आएछ । मैले खाँए । अब तिमीहरु पनि मलाई जिस्क्याउन थाल्यौ भने तिमीहरूलाई पनि खाइदिन्छु भनेछ । त्यसपछि गाउलेहरू भागेछन् । राक्षसले ती गाँउलेलाई गाँउमै आएर खान धम्की दिएछ । गाँउलेहरुले आफूलाई पुग्ने र चाहिने आहार उपलब्ध गराइदिने कुरा बताएछन् । गाउँलेको कुरामा राक्षस पनि सहमत भएछ । राक्षसलाई वचन दिएपछि एकजना मान्छे र एक मुरी अन्न लिएर आफनो पालोमा राक्षस भएकोमा जाने निर्णय गरेछन् । एकदिन दोजिया भएको एक्ली महिलाको पालो परेछ । आफूबाहेक आहाराको लागि पठाउने मान्छे नभएपछि एक मुरी अन्न भरे घरको पिँढीमा राखी आफू भागेर माइत गइछिन् । दिउँसोसम्म आहारा नआएपछि राक्षस गाउँ गएछ । घरमा एकमुरी अन्नमात्र थियो । मान्छे थिएन । गाउँमा गएर राक्षस वेसरी कराएछ । गाउँलेहरू पनि भेला भएछन् । राक्षसलाई त्यही अन्न खाएर त्यही घरमा बस्न गाँउलेले अनुरोध गरेछन् । राक्षस पनि मान्छेको घरमा बस्न पाउने भए पछि मानेछ । ती माइत भाग्ने महिलाले भने माइतमा चार महिना पछि छोरो जमाइछिन् । महिलाले छोराको नाम कालजित राखिदिछन् । एक दिन कालजितलाई साथीहरूले बावु र घर दुवै नभएको भतुवा भनेर गिज्याएछन् । कालजितलाई चित्त दुखेछ । उसले घर गएर आफ्नो बुबा र घर  आमालाई सोधेछ । आमाले पहिले त बताउन मानिनन् तर कालजितले जिद्दि गरे पछि सबै बेली बिस्तार छोरालाई सुनाइछिन् । छोराले सुनेपछि साथीबाट हेपिनु भन्दा आफ्नै घर जानु उत्तम भनेर गाँउ जाने निर्णय गरेछ । आमाले उसलाई बाटामा खानका लागि मिठा रोटी

CAMPUS CHIEF

पकाइदिइन् । आमाले पकाइ दिएका रोटि लिएर कालजित एक्लै आफनो गाँउ आइपुगेछ । गाँउमा आएपछि आफनो घर सोध खोज गरी पत्ता लगाएर घरमा पुग्यो । घरमाको ढोका बन्द थियो । राक्षसले घरकोढोका लगाएर बसेको थियो । घरको बन्द ढोका ढक्ढक्याएछ । राक्षस भित्रबाट गर्जेछ । कालजितले म तपाईंको भान्जा हुँ भने छ । भान्जाको साइनो सुने पछि राक्षसले ढोका खोलेछ । कालजित भित्र गएर ल मामा रोटि खानुहोस् भनेर रोटि दिएछ । मिठा गुलिया रोटि राक्षसले मिठो मानेर खायो । रोटिको प्रसंसा पनि गरेछ । कालजितले पनि गाउँबाट दिनै मिठा रोटि ल्याएर राक्षसलाई दिदै राक्षससँगै बस्न थालेछ । यसरी कालजित राक्षससँगै मिलेर बसेको देखेर गाउँलेहरू छक्क परेछन् । राक्षस घरबाट कहिल्यै बाहिर जादैन थियो । राक्षसले यसरी आफ्नो घर कब्जा गरेर बसेको र गाउँलेहरूलाई दुख दिएको कालजितलाई मन परेको थिएन । कालजित राक्षसलाई घर बाहिर जान अनुरोध गर्दछ । काल आएको मान्छेलाई खानु भनेर भगवानले राक्षसलाई अह्राएको तर आफूले काल नआएका मानिसहरूलाई पनि खाएको कुरा राक्षसले कालजितलाई बताउछ । आफूले गल्ति गरेकोले एकपटक भगवानसँग माफि माग्न जाने कुरा राक्षसले गर्दछ । कालजितले राक्षससँग आफ्नो परम आयुपनि सोध्न भगवानसँग सोधेर आउन लगाउछ ।

राक्षस अल्छी र भएको कारण केही समयसम्म बाहिर जान नमानेपछि पटकपटक कालजितले भनेपछि जानबाध्य भएर एकदिन भगवानसँग भेट गर्न राक्षस जान्छ । राक्षस भगवानसँग भेटेर आउँदा, सायद गाली पाएर होला, निन्याउरो मुख लगाएर फर्किन्छ र कालजितको आयु पनि भगवानसँग सोध्छ । राक्षसले कालजितको आयु ७९ वर्ष रहेको वताउँछ । त्यसपछि कालजितले पुनः भगवानसँग आफ्नो उमेर कि एक वर्ष घटाइदिनु कि एक वर्ष बढाइ दिन भन्नु भनेर राक्षसलाई भगवानसँग गएर अनुरोध गरिदिन भन्छ । राक्षले भगवानसँग कालजितको कुरा राख्दा भावीले नै लेख्ने हुनाले यसलाई घटबढ गर्न नमिल्ने कुरा भगवानले वताउँछन् । उक्त कुरा राक्षसले कालजितलाई बताउँछ । यसरी कालजितले आफूलाई राक्षसले मार्न नसक्ने थाहा पाएपछि बिहान उठेर राक्षसलाई मार्न सम्पूर्ण तयारी गरी राक्षसलाई मारेर नै छोड्छ । गाँउलेहरूलाई बोलाएर सद्गत गर्छन् । त्यसपश्चात गाउलेहरूले कालजितलाई मान,सम्मान प्रशंसा गरेर गाँउ प्रमुख बनाएउछन् । कालजितले आफ्नी आमालाई पनि मावल गएर ल्याउछ । त्यही घरमा खेतीपाती पनि समालेर बसेको प्रशंगमा पुगेर कथाको अत्य भएकोछ ।

CAMPUS CHIEF

**पात्र / चरित्र**

यस कालजित र अजङ्गको राक्षसको कथामा प्रमुख पात्रहरूमा कालजित, राक्षस हो भने कालजितको आमा, गाँहले किसानहरू, भगवान सहायक र गौण भूमिका भएको पात्रहरूमा पर्दछन् । अतः यस कथामा मानव र मानवेतर पात्र दुवैको प्रयोग भएको पाइन्छ ।

कालजितः कालजित यस कथाको अनुकूल पात्र हो । आफ्ना गाउँले र आफ्नो गाउँकालागि भलाइ गरी ठुलो योगदान दिनसकने एक असलर साहसीपात्र हो । आफ्नोबुबा परदेश भएकाले आमाले राक्षसबाट भागेर माइतमा जन्माएको पात्र पनि हो । कालजीत आफनो गाउँ, आफ्नो घर र बुबा नभएको पीड़ित, साथीहरूबाट अपहेलित भएपश्चात आफ्नै गाउँमा आफनो अस्तित्व जोगाउन आउँदछ । गाउँलेहरू आफ्नी आमा दिनप्रतिदिन राक्षसबाट डराएर उसको सिकार भएर बस्नुपरेकोले उसले आफ्नो जुक्ती वुद्धिको प्रयोग गरी राक्षसलाई मार्न सफल भएको एक गतिहीन पुरुष पात्र हो । एक सहासी पुरुषको प्रतिनिधि पात्र पनि हो कालजित । बल भन्दा बुद्धिको प्रयोग गरी सफल भएको छ,कालजित ।

राक्षसः राक्षस यस कथाको भयङ्कर पात्र हो। उ जंगलमा बस्छ र मानिसहरूलाई आहारा बनाएर आफ्नो पेट भर्छ। त्यसले कालजितको गाउँलाई अत्यन्तै दुःख दिएको छ । सबैको मनमा त्रास उत्पन्न गरेको छ । जंगलमा बस्दाबस्तै कालजित घरमा बस्न पुगेको छ । राक्षस क्रूर राक्षसी व्यावहारमा माहिर रहेकोछ, बलियो पनि छ । तर उक्त क्रूर बलियो भयंकर राक्षस एक बुद्धिमान बालकको अगाडि हारेकोछ ।

**परिवेश**

कालजित र अजङ्गको राक्षस कथामा गाउँले परिवेशमा आधारित भएर सिर्जना गरिएको छ । जङ्गल गाउँ र कालजितको मावल जस्ता भौगोलिक परिवेश र गाउँले जीवनमा घटने वा गाउँलेहरूले भोग्दै आएका घटनालाई यस कथामा वर्णन गरिएको छ ।

दृष्टिबिन्दु

काल जित र अजङ्गको राक्षस कथा बाह्य तृतीय पुरुष दृष्टिबिन्दुमा रचित कथा हो । यस कथामा पात्रहरूलाई नाम बाटनै कथाको विषयवस्तु प्रस्तुतगर्ने माध्यमलाई उभ्याइएको छ । कथामा गाउँले किसानहरूले राक्षसका कारण आफनो जीवन सुखमय विताउन नपाएका र एकाएक राक्षसको आहारा बन्नुपरेको कुरालाई प्रस्तुत गरिएको छ ।

CAMPUS CHIEF

उद्देश्य

मोतीलाल पराजुलीबाट लिखित यस कथाको उद्देश्य व्यक्तिले बेलैमा विचार नपुर्याउनाले, बुद्धि विवेकको सही प्रयोग नगर्नाले कति सम्म दुःख पीडा पीडा भोग्नुपर्ने, कति सहनुपर्ने भन्ने कुराको छिनोफानो गर्नु नै यसको मुख्य उद्देश्य हो । यदि विवेकले सहिकाम गर्नेहो भने आफूभन्दा धेरै गुणा बलियोलाई पनि तह लगाउन,वसमा ल्याउन र नियन्त्रण गर्न सकिन्छ भन्ने कुरा सिकाइएको छ ।

भाषाशैली

यस कथामा सरल, सहज र सम्प्रेश्य भाषाको प्रयोग गरिएको छ । स्थानीय शब्द भन्दा पनि सर्वमान्य शब्द तथा भाषा प्रयोग भएको हुदाँ कथा पढ्न त्यति जटिल छैन । थोर बहुत आगन्तुक र तत्सम शब्दको प्रयोग भएको पाइन्छ । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला" यो कथा सुन्ने बैकुण्ठमा जाला भन्ने जस्ता उखान टुक्काको प्रयोग गरिएको छ ।

तत्त्वगत आधारमा समयपीडा कथाको विश्लेषण

पद्मावती सिंहद्वारा लेखिएको समय पीडा कथा आधुनिक जीवनशैलीसँग सम्बन्धित छ । आफ्नो स्वार्थ पूरा गर्नका लागि तमाम् नेपालीहरूले स्वदेशमै बस्ने वातावरण र आर्थिक अवस्था हुँदाहुदै पनि बुढेसकाल लागेको आमाबुबालाई  कसरी त्यागि विदेसिएका छन् भन्ने विषय वस्तुमा यो कथा केन्द्रित छ । सन्तानले आफ्नो आमाबुबालाई भूलेता पनि ती आमा बुबा छोराछोरी प्रतिको मोह चिन्ताले कहिल्यै पनि खुसीका सार्थक जिउन नसकेको कुरा पनि यस कथामा प्रस्तुत गरिएको छ ।

कथावस्तु

रामनाथ हरेक बिहान उठेर केही समय हिड्ने गर्थ्यो । यो कार्य उसले पाँच बर्षदेखि निरन्तरता दिदै आएका थिए । बेलुका ना◌ै बजे उनी समाचार सुनेर  विछ्याउनामा गई एकै छिनमा निदाउछन् । आनन्दीलाई भने रातको एघाह्र बजेसम्म सुत्ने फुर्सद नै हुँदैन । उनी दिनभरी पनि घरको काममा अल्झिरहेको हुन्छिन् ।  रातमा ओछ्यानमा ढल्किएपछि धेरै समय आफ्नो विदेसिएका छोराहरूलाई सम्झेर उसलाई निन्द्रा आउदैन । घरमा सुख सयलमा हुर्केका परदेशि जीन्दगी कसरी काटिरहेका होलान् भन्ने चिन्ताले उसलाई दिनरात पिरोलिरहन्छ । विदेश नपठाउनका लागि कैया◌ै प्रयास  गरे पनि उनिहरूलाई विदेशको मोह र आधुनिक प्रवृत्तिले गर्दा नेपालमा बस्ने अलिकति पनि रहर थिएन । रामनाथ र आनन्दीको एउटी छोरी पनि छिन् । उनीले विवाह गरिसकेको कारण उनी

CAMPUS CHIEF

पनि खासै आफ्नो आमा बुबालाई भेट्न आउन पाउदिन् । उनको आफ्नै घरधन्दा जागिर र दुई वटा बालबच्चाको स्याहार सुसार नै दैनिकी बनेको थियो । आनन्दी सधै त्यही कुराको पिर लिरहन्थिन् । जम्मा तीन वटा सन्तान भएपनि आफ्नो साथमा कुनैपनि सन्तान पनि नभएको र श्रीमान पनि अफिसको काममा व्यस्त र हृदयरोगी भएको कारण उनको पिडा सुनाउने साथी समेत कोही नभएको अनुभूति हुन्थ्यो ।

जेठो छोरो अष्ट्रेलिया, आफ्नो विवाह पछि एकवटा सन्तान हुनासाथ परिवार नै बाहिरिएका थिए । कान्छो छोरा पढ्ने बाहाना बनाइ अमेरिका गएको थियो । आनन्दी दुवै छोरालाई आखाको राख्न चाहन्थिन् । मिठो मसिनो बनाउँदा चाडपर्वहरूमा आफ्नो सन्तानलाई सम्झेर पटक्कै केही खान चाहान्थिन् । घरको सम्पूर्ण काम सकिए पश्चात उनी आफ्नो छोराहरूसँग कुरा गरेपनि उनलाई साथमा नहुँदा नरमाइल्लो लाग्थ्यो। रामनाथले विदेश गएका छोराहरूको चिन्ता नगर भनेर सम्झाउने गर्थे । आफ्नो बुबाको ठूलो व्यापार व्यवसाय बुदाँहुँदै पनि यस कुरालाई वेवास्था गरी भाफ्नो स्वार्थको लागि आमाबावुहरूलाई छोडेर विदेसिएको कुरा उनलाई मन परेको थिएन । छोराहरूलाई दुःख सुख गरी हुर्काएर बढाएर, ठुलो बनाएपछि आमाबुबालाई साथ दिनुको सट्टा बुढेसकालका आमाबुबालाई एक्लै छोडेर टाढिएका छन् । त्यस कारण रामनाथले कामदार र म्यानेजर राखेर व्यावसाय चलाउन बाध्य छन् । विहे गरेर गएकि छोरीलाई दिनमा मात्रा के रातमा, पनि आमासँग बोल्ने फुर्सद खासे हुँदैन थियो । उसको आफ्नो कामले गर्दा काम गर्दा गर्दै उज्यालो भएको पनि थाहा हुदैन थियो । एक दिन फोनको घण्टीले आनन्दी र रामनाथको निन्द्रा खुल्यो । दुवै जना यसरी असमयमा फोन भएकोमा डराएका थिए । आनन्दीको भने झनै सातो जान्छ । छोराछोरीसाथ हुँदा त यसरी कुसमयमा फोन आउदा डराउने ऊ त्यसबेला झनै झसङ्ग हुन्थिन् । फोन बुबाले उठाए र अस्टेलियाबाट ठुलो छोराले नानीको स्वास्थ्य अवस्था थोरै जटिल भएर अस्पतालमा ल्याएको कुरा बताउँछ । छोरीको स्वास्थ्य सुधारका लागिद्वारको कुलदेवतालाई वाती बालिदिन अनुरोध गर्यो । यस कुराले आनन्दीलाई झनै पिरोल्छ । सबै देवतालाई उनले एकचित्त भई पूजापाठ गरिदिन्छिन् । यस पश्चात दिनभरी उनलाई केही गर्न मन लागेन, घरीघरी भितामा भुन्ड्याएको छोराबुहारी र नाति-नातिनाको तस्विर हेरेर टोलाउथिन । यसैबेला रामनाथले आनन्दीलाई सम्भाउदै भन्छन् की चिन्ता नगर अष्ट्रेलीया जस्तो ठाँउमा औषधी उपचार राम्रोसँग हुन्छ । यतिकैमा आनन्दीले पुनः फोन गरेर नातिनीको अवस्था बुझ्छिन् ।

नातिनीको स्वास्थ्यमा सुधार आएको खबरले उनी प्रसन्नि हुन्छिन् । आनन्दी छोराहरू भएको ठाउँमा भेटन जान्थिन र आनन्दीको मन राख्न रामनाथले हुन्छ भनि सम्झाउँथे । केही दिनपछि अमेरीकाबाट सानो छोराको

CAMPUS CHIEF

फोन आयो आफूले परीक्षा उत्तीर्ण गरेको खबर सुनायो। अनिघरबाट अब खर्च नपठाउनु यतै केही गरेर, कमाउछु भन्यो। यस कुराले आनन्दी फेरी दुःखी भइन्। उनलाई पढाइ सकेर छोरा नेपाल आउँछ भन्ने आशा थियो। छोरो उतै बस्ने र विहे पनि उतै गर्ने कुरा गरे पछि, आनन्दि धैरै चिन्तित भइन्।

रामनाथ साँझ घर फर्के पश्चात सबै कुरा उनले सुनाइन्। कुरा सुनेर रामनाथ पनि पीडित भए। अनि आफ्नी रोहीरहेकी श्रीमतीलाई सम्भाएर भने उनीहरूले आफनो जीन्दगी बाचिरहेका छन्। उनीहरूको धैरै चिन्ता नगर। देशमै बस्ने वातावरण हुदाँ पनि दुवै छोरा गएको र फर्केर नआएको प्रति दुवै जना चिन्तित थिए। यही चिन्ताले आनन्दीलाई रातदिन पिरोली उनले आफ्नो वेवस्ता गरिन्। यतिकैमा विरामी परिन्। यस कुराले रामनाथ धैरै आत्तिए। कहिलेकाहि छोरी आएर स्याहार गर्थिन्। पछि सेवीकालाई राखि आनन्दीको स्याहार गर्न थाले। रामनाथ पनि आफ्नी श्रीमतीको स्याहारमा व्यस्त भए। आफ्नो व्यावसायले गर्दा श्रीमतीलाई कहिल्यै समय दिन नसकेकोमा पछुतो लाग्यो। आनन्दीको विरामीको खबर पाउदा पनि विविध बाहाना बनाई भेटन आएनन्। उतिकैमा आफ्नो श्रीमान्को अंगालोमा आनन्दी सँधैको लागि निदाइन्। यसै घटनामा आएर समयको पिडा कथाको अन्त्य भएको छ।

**पात्र** / चरित्र

यस समय पीडा कथामा प्रमुख पात्रका रूपमा रामनाथ र आनन्दी छन्। छोराछोरी सहायक पात्र हुन् भने नातिनातिना म्यानेजर, सेविका, कामदार आदि गौण भूमिकाका पात्रहरू हुन्। यस कथाको प्रमुख पात्रहरूको चित्रण यस प्रकार छ।

**रामनाथ**

रामनाथ यस कथाको प्रमुख पुरुष पात्र हुन्। रामनाथ आनन्दीका श्रीमान्, दुईवटा छोराहरूका बावु, एउटी छोरीको बावु, ठुलो छोराको बुहारीको ससुरा र नातिनातिनीहरूको हजुरबुवा हुन्। उनी आफ्नो कर्तव्य प्रति कहिल्यै पछि हट्दैनन्। उनको कपडा व्यवसाय छ। छोराछोरी र परिवारको खुसिकोलागि उनी निरन्तर लागि परिरहेका हुन्छन्। आफ्नो सन्तानको खुसी विपरीत उनी केही गर्न चाहदैनन्। आफ्नो श्रीमतीलाई एक असल श्रीमानले दिनुपर्ने जति साथ दिएका छन्। उमेरले ६० वर्ष काटेतापनि उनी अझै आफ्नो व्यावसायमा दिनुपर्ने जति साथ र समय दिएका छन्। कर्तव्य पालना गरेर हिडेका छन्। छोराछोरीबाट उनी सन्तुष्ट छैनन्। उनी आनन्दीको बुढेसकालको साहारा पनि हुन्। कर्तव्य निष्ठ बुबा र श्रीमान्को प्रतिनिधित्व गर्ने रामनाथ गतिहिन बद्ध पात्र हुन्।

CAMPUS CHIEF

**आनन्दी**

आनन्दी यस कथाका प्रमुख स्त्री पात्र हुन्। उनकै केन्द्रियतामा कथा सुरु भई अन्त्य भएकोछ। आनन्दी रामनाथको श्रीमती, तीन जनाको आमा, ठूली बुहारीको सासुआमा र नातिनातिनाको हजुरआमा भइसकेको उमेरको हिसाले वृद्ध भइसकेकी पात्र हुन्। उनी सँधै घरको काम गरेर दिन कटाउथिन्। प्रायजसो उनी घरमा एक्लै हुन्थिन्। सन्तानको माया र साथको कमी उनलाई सँधै सहसुस हुन्थ्यो। हरेक राती उनी आफ्नो सन्तानसँग कुरा गर्थिन् तर पनि राम्रोसँग निदाउन भने सक्दिन थिइन्। आफ्नो कर्तव्य प्रतिसँधै लागिरहने स्थिर पात्रको रूपमा उनी प्रस्तुत भएकी छिन्। सन्तानसँग टाढिएर बस्नुको पीडाले नै उनलाई रोगी बनायो। उनी थला परिन सन्तानसँग भेटने चाहाना गर्दा गर्दै श्रीमान्को साथमा परलोक भइन्। हरेक आमाले दिनुपर्ने माया दिने र चिन्ता गर्ने तमाम आमाहरूको उनी प्रतिनिधित्व गर्ने भएकाले उनी बद्ध पात्र हुन्। आफनो मनमा हजारौँ पीडा भएपनि अरुको अगाडि नदेखाउने उनी असल र अनुकूल पात्रको रुपमा उपस्थित छिन्।

**परिवेश**

यस कथामा आधुनिकयुगको ग्रामीण परिवेशलाई समेटिएको छ। आजभोलीका युवाहरुको देश छोड्ने प्रवृतिलाई देखाउन खोजीएको छ। भौगोलिक परिवेशको रूपमा अमेरिका, अष्टेलिया, अस्पताल, कपडा, पसल, घर, काठमाडौ आदि छन्। समय भने लगभग ५ देखि ६ वर्षको देखिन्छ।

दृष्टिबिन्दुः

समय पीडा 'कथा तृतीय पुरुष कथनढाँचामा वा बाहय दृष्टिविन्दको प्रयोग गरी रचना गरिएको छ। यस कथामा कथाकार स्यम् उपस्थित नभई विभिन्न पात्रहरूका माध्यमबाट कथामा प्रस्तुत गरिएको छ। पछिल्लो समय बढ्दै गएको विदेसिने प्रवृत्ति र आफ्ना आमाबुबाले भोग्नुपरेको सन्तान वियोगका पीडा नै यसकथाको विषयवस्तु हो।

उद्देश्य

कथामा वर्तमान आधुनिक पिढिले आफ्नो रहर र स्वार्थ भन्दा आमाबुबाको इच्छा बुझेर उनीहरूको साथमा रहेर सेवागर्न नै ठूलो धर्म हो। आफ्नो सन्तानको वियोगमा आमाबुबा कतिसम्म पिडित बन्छन् र कति एक्लो महसुस गर्दछन् भन्ने कुराको जानकारी दिनुनै यस कथाको उद्देश्य हो। हामीले आफ्नो रहरसँगै आमाबुबाको सपना र भावना बुझेर हेर हमेशा साथ रहन सिक्नु पर्छ। अरुबेला नभएपनि बुढेसकालको साहारा बनिदिनु पर्छ भन्ने सन्देश यस कथामा पाइन्छ।

CAMPUS CHIEF

भाषाशैलीः

समय पीड़ा कथामा पद्मावती सिंहले सरल र बोधयाम्य भाषाको प्रयोग गरिएको छ । जसको कारण पाठकले कथा सजिलैसँग पढ्न र बुझ्न सक्छन् । तत्सम, तद्भव र आगन्तुक, शब्दको प्रयोग गरी लेखिएको यो कथा सामान्य शैली मै आधारित रहेको छ । यसमा संवादात्मक शैलीलाई अङ्गालिएको छ ।

CAMPUS CHIEF

## अध्याय चार

## सारांश तथा निष्कर्ष

जीवनको एक पक्षको चित्रण गरेर लेखियको छेटो आयाम भएको गद्य विधा नै कथा हो । कथा एक बसाइमा पढीसकिने हुनुपर्छ । कथानक, पात्र/चरित्र, परिवेश, दृष्टिबिन्दु उद्देश्य र भाषाशैली कथाका तत्त्व हुन् । यस अध्ययनमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन गरिएको छ । कथा तत्त्वका आधारमा हेर्दा कक्षा ९ को पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू सबल र पूर्ण रहेको पाइयो । कथानक स्तरअनुसारको सरल प्रकृतिको चयन गरिएको पाइयो । थोरै पात्रको प्रयोग गरिएका प्राय सबै कथामा चरित्रले कथानकलाई न्याय दिएका छन् । परिवेश सहज छ । आन्तरिक र वाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उद्देश्य स्पष्ट छ भने भाषा पात्रअनुसारको छ । समग्रमा भन्नुपर्दा कक्षा ९ का विद्यार्थीको स्तर अनुसार उचित र प्रभावकारी कथाहरू चयन गरिएका छन् । सबै कथाहरूले भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

CAMPUS CHIEF

## सन्दर्भ सामग्री सूची

उपाध्याय, केशव प्रसाद (२०४९), **साहित्य प्रकाश,** पाँ सं. ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय,** चौ. सं. ललितपुर : साझा प्रकाशन ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७९). नेपाली कक्षा ९. सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र,** काठमाडौँ : उर्मिला पौडेल ।

- - - . (२०४८), **कथाको विकास प्रक्रिया,** दो.सं., ललितपुर : साझाप्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०३९), **पच्चिस वर्षका नेपाली कथा,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

- - - . (२०६०), **नेपाली कथा भाग ४,** दो.सं. ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन ।